अर्थ समितिको मिति २०७५।०४।२७ गते बसेको बैठक र आज मिति २०७५।०४।२९ गतेको बैठकमा अर्थ मन्त्रालय , राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र लगानी बोर्डका काम कारबाहिका सम्बन्धमा मा. अर्थ मन्त्री , अर्थ मन्त्रालयका सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सँग छलफल भयो । त्यस्तै गरि हाल संघ, प्रदेश र स्थानीय तहमा एउटै कारोवारमा दोहोरो कर लागेको र कतिपय स्थानीय तहहरुमा अस्वभाविकरुपमा करका दर बढेको सम्बन्धमा वढ्दै गएको जनगुनासो सम्बन्धमा समेत बैठकमा छलफल भयो । ति निकायका काम कारवाहि सम्बन्धमा आगामी बैठकहरुमा थप छलफल गर्दै जाने गरी आजको बैठकले देहायका निर्णय गर्योव।

(१) नेपालको संविधानको भाग २६ , धारा २५० बमोजिम गठन गर्नुपर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको यथाशिघ्र गठन गरी कार्यान्वयनमा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने ।

(२) अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ वमोजिमको अन्तर—सरकारी वित्त परिषदलाई पुर्णता दिई उक्क्त परिषदलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने ।

(३) प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगले समन्वयात्मकरुपमा कार्य गरी कर सम्बन्धि नीति, कानुन, नियम र कार्यविधिमा दोहोरो कर लाग्ने व्यवस्था भएको भए त्यस्ता नीति र कानुनमा संसोधन , परिमार्जन वा खारेज गरी एक निश्चित आधार र मापदण्डको आधारमा कर लाग्ने व्यवस्था गर्न साथै एउटै आर्थिक क्रियाकलापमा विभिन्न तहमा कर लगाउनु र नागरिकको कर तिर्न सक्ने क्षमता विपरितका दरमा कर लगाउनु करारोपणका प्रचलित सिद्धान्त विपरित हुने हुँदा दोहोरो कर र अस्वभाविक करका दर सम्बन्धमा अध्ययन गरी समस्या समाधानको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

(४) निर्णय कार्यान्यनको प्रगति विवरण हरेक १५।१५ दिनमा समितिमा पेश गर्ने ।

अर्को बैठक पछि सुचना गरि बस्ने गरी आजको बैठक स्थगित गरियो ।